महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८
सभापोखरी गाउँपालिका,
संखुवासभा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. ४४

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
सभापोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

....
(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः **२०७८/७९** मितिः२०७८।०५।०४

च.नः ३२

श्री अध्यक्षज्यू,

सभापोखरी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, संखुवासभा । **विषयः लेखापरीक्षण प्रतिवेदन**

कैफियत सहितको राय

हामीले सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२(बाईस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. ९७ लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख २८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५६ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ९२ हजार र पेश्की बाँकी रु. १७ लाख रहेको छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका

व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सभापोखरी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन ।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

सभापोखरी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस पालिका अन्तर्गत ६ वडा, सभा सदस्य ३३ जना, २२२.०८ व.कि.मी. क्षेत्रफल, ११९७६ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम आर्थिक वर्ष २०७६।७७ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ । गाउँपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन।

गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ
आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ		
	विवरण	रकम		विवरण	रकम	रकम
१	गतवर्षको जिम्मेवारी		१	चालु खर्च		
	क) नगद	०		क)वित्तीय समानीकरण अनुदान	४२६४८६०	
	ख) बैंक	५०४१८०५७.४१		ख) सशर्त अनुदान	७१०८९४८२.६	
२	राजस्व (आन्तरिक आय)			ग) राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण	७३६९३२	
	क) आन्तरिक राजस्व	३९३२२६३.७२		घ) सामाजिक सुरक्षाकार्यक्रम	२७५३१८००	
	ख) राजस्व बाँडफाँड	३६२५९९२४.५३		ड.) प्रदेश शशर्त अनुदान	११३१५३२	
	ग) अन्यआय			च) प्रदेश समपुरक र विशेष अनुदान		
३	वित्तीय हस्तान्तरण		२	पूँजीगतखर्च		
	क)वित्तीय समानीकरण अनुदान	८७००००००		क)वित्तीय समानीकरण अनुदान	३००९७९४२	
	ख) सशर्त अनुदान	९८२५१०००		ख) सशर्त अनुदान	५२२९३११	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान			ग) प्रदेश विशेष अनुदान	१७९११९३	
	क)वित्तीय समानीकरण अनुदान	८१७८५६५.७५		घ) प्रदेश समपुरक अनुदान	४३७९७७५	
	ख) सशर्त अनुदान	७६६२०००		ड.) स्थानीय पूर्वाधार विकास साझेदारी	३८१४८८२	
	ग) समपूरक अनुदान	१००००००००	३	आन्तरिक आय खर्च	४२६५८७८९.१५	
	घ) विशेष अनुदान	२००००००		राजश्व बाँडफाँड सँघ	२८०९७५१२.४१	
	ड.) अन्य आय	५०००००		राजश्व बाँडफाँड प्रदेश	२११५३९०	

स्थानीय निकायको नामः **सभापोखरी गाउँपालिका** आ.व.— २०७६/७७

५	विभिन्न कोष तर्फको आय	२९७२५५	४	धरौटी फिर्ता	१७५६४५७	
६	धरौटी आय	२५८०१५७		कुलखर्च	२२४६९५८५८.२	
७	लाइन आइटम बजेट तर्फ		५	कोष खर्च	०	
	क) सामाजिक सुरक्षाकार्यक्रम	२७५३१८००		प्रकोप व्यवस्थापन कोष खर्च	२२६३७५०	
	ख) राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण	७३६९३२		विविध कोष खर्च	२६६८०४	
	ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	३८१४८८२	६	मौज्दात	०	
				क) नगदमौज्दात	०	
				ख) बैंक मौज्दात		
				ग) धरौटी बैंक मौज्दात	८२३७००	
				१. शसर्त अनुदान	२३४८०९५६.४	
				२. वित्तिय समानिकरण अनुदान	६१५२१७३०.४३	
				८. आन्तरिक श्रोत	११६९१५३१.९८	
				९. राजश्व बाँडफाँड	३७५२१६७.४४	
				१०. प्रदेश समपूरक र विशेष अनुदान	८९९६८०७	
				११. प्रकोप व्यवस्थापन कोष बैंक मौज्दात	१०३३५०५	
				१२.विविध कोष बैंक मौज्दात	८५३४१२	
	जम्मा	**३३९१६२८३७.४**		**जम्मा**	**३३९३८०२२२.४**	

दफा नं.	गो.भौ.नं., मिति, व्यहोरा	बेरुजू रकम
	उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।	
१.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गर्ने गरेको देखिएन । बैंक हिसाब मिलान विवरण तयार गरी नगरेकोले आम्दानी भन्दा खर्च रु २१७३८५। बढी भएको एकिकृत विवरण पेश भएकोले फरक हिसाबका सम्बन्धमा एकिन गरी पेश गर्नु पर्ने रु	२१७३८५।
२.	**मौज्दात फरकः** सुत्रमा अभिलेख भएको पालिकाको आ.व.२०७६/७७ को कारोबारमा स्थानीय संचित कोष बाहेक अन्य निम्न ८ वटा कोषहरुको श्रेस्ता अनुसार र बैंक अनुसार रू५८७२९४३३.९ मौज्दात फरक देखिएकोले मान्य अवधिमा नसाटीएको चेक रकम समेत हिसाब एकिन गरी यथार्थ मौज्दात पेश हुनु पर्ने देखिन्छ।	

क्र.सं.	कोष/खाता	श्रेस्ता अनुसारको मौज्दात	बैंक अनुसारको मौज्दात	मौज्दात फरक	कैफियत
१.	ग १.१ आन्तरिक राजस्व खाता	०	१४७७८०३.१०	१४७७८०३.१०	बैंक बढी
२.	ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	२४३८६०६.९६	२४३८६०६.९६	बैंक बढी
३.	ग २.१ चालु खर्च खाता	०	५२५१८६५६.८४	५२५१८६५६.८४	बैंक बढी
४.	ग २.३ पुँजिगत खर्च खाता	०	१३७६६३३	१३७६६३३	बैंक बढी
५.	ग ३.१ स्थानिय तह धरौटी खाता	८२३७००	९०३७००	८०००	बैंक बढी
६.	ग ५.१ स्थानिय तह विविध कोष खाता	८५३४१२	०	८५३४१२	बैंक घटी
७.	ग ७.२ प्रकोप व्यवस्थापन खाता	१०३३५०५	१०८९८२७	५६३२२	बैंक बढी
	जम्मा	२७१०६१७	५९८०५२२६.९	५८७२९४३३.९	

दफा नं.	गो.भौ.नं., मिति, व्यहोरा	बेरुजू रकम
३.	सुत्रमा अभिलेख भएको आर्थिक कारोबारको पालिकाबाट प्रभावित भई पेश भएको आ.व. ०७६/७७ को वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) अनुसूचि २४ बैंक तथा नगदी बाँकी अनुसार बर्षान्तमा खाता अनुसार रु ११३१९२५८३.२५ बाँकी रहेको देखिन्छ, तर सोही सुत्रमा अभिलेख भएको बित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७५) को अनुसूची ९ बैंक तथा नगद मौज्दात विवरण अनुसार बर्षान्तमा रु.११४०७९५००.२५ मौज्दात रहेको देखिन्छ । प्रमाणित भई पेश भएको विवरणमा फारम नं. २७५ भन्दा घटी मौज्दात देखिएको सम्बन्धमा हिसाब एकिन गरि पेश हुनुपर्ने रु	८८६९१७
४.	**सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश, नाता प्रमाणित,, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिश, निशुल्क सिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरि अभिलेखिकरण गरिनु पर्दछ ।पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।	

सेवा प्रवाहको विवरण	निवेदन संख्या	सिफारिस संख्या
नागरिकता सिफारिस	२९२	२९२
घरबाटो सिफारिस	५८	५८

नात प्रमाणित	४५	४५
जन्म दर्ता	२७२	२७२
मृत्यु दर्ता	१३८	१३८
विवाह दर्ता	६३	६३
वसाई सराई	८२	८२
सम्बन्ध विच्छेद	१६	१६
जम्मा	**९६६**	**९६६**

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐन अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- तलबी प्रतिवेदन पारीत गरेको पाईएन ।
- कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन ।(प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४)
- भ्रमण खर्च नियमावली, २०६४ नियम २१ को अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गरेको पाइएन ।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना र फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

उपर्युक्त कमिकमजोरी हटाई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्दछ ।

	बजेट तथा कार्यक्रम	
६.	**लक्ष्य/प्रगति स्थिति –** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २० (१) र नियम २६ बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन ।	
७.	**स्थानीय तथ्यांङ्क र अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । पालिकाको प्रोफाईलका लागि यस वर्ष कार्य भए पनि अन्तिम प्रतिवेदन नआएकोले आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
८.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७६/३/१० गते रु. ३३ करोड १ लाख ५६ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/३/२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
९.	**वित्तिय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तिय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सुशासन ऐन, २०६३ एवं नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ वमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तिय जवाफदेहिता बहन गर्नुपर्दछ । कार्यालयले पूर्ण जवाफदेहिताको लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ ।	
१०.	**कार्यक्रमगत खाताः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत एकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।	
११.	**जिन्सी लगत र संरक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कायंविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सि निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन ।	

१२.	**खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
१३.	**परामर्शदाताः-** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न १३ परामर्शदातालाई रु. ६४६५१५२। भुक्तानी गरेको छ । कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ ।	
१४.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको खर्चको विवरण अनुसार प्रथम चौमासिकमा ६९.३९ प्रतिशित दोस्रोमा १२.८९ प्रतिशित र तेस्रो चौमासिकमा १७.७२ प्रतिशित खर्चको गरेको छ । चौमासिक कार्यलक्ष्य अनुसार खर्च गर्नुपर्दछ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१५.	**संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २५ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार ३० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदा रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१६.	**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । दफा ८३(८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । गाउँपालिकाले स्वास्थ्य तर्फ ससर्तबाट तलब खाने ८ जना गा.पा श्रोततर्फका ८ गरी १६ जना र गा.पा. श्रोत तर्फ तलब खाने २१ समेत विभिन्न पदमा ३७ कर्मचारी करारमा नियुक्त गरी यो वर्ष पनि रु ५० लाख तलब खर्च लेखेकोले ऐनको व्यवस्था अनुसार हुनु पर्दछ ।	
	कानून निर्माण एवं कार्यान्वयन	
१७.	**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ४ वटा	

	नियमावली, २२ कार्यविधि, ८ निर्देशिका र २ नर्म्स गरी ५३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
१८.	**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २५ र यो बर्ष थप भएको ६१ गरी कुल ८६ विवाद दर्ता भएकोमा ३३ वटा मात्र फछ्र्यौट भई ५३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	पदाधिकारी सुविधा	
१९.	**अनुगमन भत्ताः** प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १ (क) अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । द्रष्टव्य खण्डमा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले पदाधिकारीलाई ऐन बमोजिम मासिक रु ६०००० ले बार्षिक १६४००० भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश भएको देखिएन ।	
२०.	**निजि सचिव** – प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको निजि सचिवका रुपमा नासु स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री पृथ्वी नारायण राईलाई नियुक्त गरी मासिक रु.२८२०० का दरले रु.३६६६०० भुक्तानी भएको देखिएको रु	३६६६००।
	अनुदान फिर्ता, वितरण र उपयोग	
२१.	**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।	
२२.	**संघीय र प्रदेश अनुदानः** यस स्थानीय तहले देहायबमोजिम प्राप्त अनुदान खर्च नभई बाँकी रहेकोमा उक्त रकम २०७७।६।११ मा मात्र संघीय संचित कोषमा फिर्ता दाखिला गरेको देखियो । खर्च नभै बाँकी रहेको रकम समयमा नै दाखिला गर्नु पर्दछ ।	

अनुदानको प्रकार	अनुदान प्राप्ती	खर्च रकम	बाँकी रकम
संघीय शसर्त	९८२५१०००	७३३१८७९३.६	२१९३२२०६.४०
प्रदेश शसर्त	८७२५०००	७१७६२५०	१५४८७५०
प्रदेश विषेश	२००००००	१७९११९३	२०८८०७
प्रदेश समपुरक	१००००००००	१२१२०००	८७८८०००

	कर दस्तुर एवं आन्तरिक आय	
२३.	**व्यवसाय कर** - प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई	

	भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरी उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन।	
२४.	**मनोरञ्जन कर –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
२५.	**अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
	राजस्व तर्फ	
२६.	**कर अनुमान र संकलन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शिर्षकगत नगरी एकमुस्ट आय रु ३५ लाख प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु १९४९११४।८१ मात्र संकलन भएको देखिन्छ । वास्तविक आय संकलन घटी देखिएबाट आयको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ ।	
२७.	**राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ । पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन ।	
२८.	**कारोवारको लेखाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ बमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
२९.	**आन्तरिक आयको अभिलेखः** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • मासिक राजस्वको फाँटवारी तयार नगरेको । • राजस्व समयमा दाखिला नगरेको । • प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । • वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको । • राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको । कार्यालयवाट आर्थिक वर्ष भरि कति नगदि रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भई कति रसिदको आम्दानी गर्न वाँकि छ सो देखिने विवरण लेखापरिक्षणको लागि पेस भएन । रसिद नम्वर र वैक भौचरलाई दैनिक	

	आम्दानी रजिष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।	
३०.	**रसिद नियन्त्रण खाता** यस गाउँपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचा नगदी रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं.९०४ साविक ११८) तयार नगरेकोले सो खाताले गत वर्षको नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन ।रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ।	
	उपभोक्ता समिति मार्फत कार्य	
३१.	**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
३२.	**एजविल्ट नक्सा पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।	
३३.	**मर्मत सम्भार कोष**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजनामा सम्भारका लागि कोषमा रकम व्यवस्था गरेको पाइएन । निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषमा रकम जम्मा गरिनुपर्दछ ।	
३४.	**नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखीदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ ।	
३५.	**लागत सहभागिता** (**धरौटी**) उपभोक्ता मार्फत सम्पन्न गरिने योजनाहरुमा कार्यालयले विभिन्न उपभोक्ताहरुसँग गरिएको सम्झौता फारममा योजनाको भुक्तानी दिंदा १० प्रतिशत धरौटी वापत कार्यालयमा राखिनेछ।सो धरौटी रकम उपभोक्ता	

समितिले आफ्नो खाता लेखा परीक्षण गराई प्रतिवेदन पेश गरेपछि धरौटी फिर्ता गरिनेछ भनी उल्लेख छ। साथै उपभोक्ता तथा लाग्राही समूहले व्यहोरिने योजनाको ५ देखि ३० प्रतिशत रकम (लागत अनुमान अनुसार) अग्रीम बैंक दाखिला गरेपछि योजना सम्झौता हुने भनी गरिएको सम्झौतामा कुनै पनि योजनामा सो बुँदा सम्झौताको पालना गरको पाइएन। यसर्थ कार्यालयले सम्झौता गरेका हरेक शर्तको पालना गर्ने तर्फ ध्यान जानु पर्दछ।

३६. **हेभी इक्विपमेण्टको प्रयोग —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

भौ.नं.र मिति	निर्माण व्यवसायी	उपभोक्ता समिति	रकम
५-३/२५	एस.बि.कन्स्ट्रक्सन	पहाडी स्थानीय खेलमैदान निर्माण	८७११०६.१६
७-३/२६	सभापोखरी निर्माण सेवा	सिकिदिम आपुङ मोटरबाटो ट्र्याक ओपन निर्माण	१९७५२५७.७५
४३-११/११	एस.बि.कन्स्ट्रक्सन	स्वाची खोक्तासिँह सडक	१६४१०९५
४४-११/११	एस.बि.कन्स्ट्रक्सन	रातविसे स्वाची देउराली मोटरबाटो	७८२६९३
३०-१०/२१	एस.बि.कन्स्ट्रक्सन	बाह्रविसे खिलिङ्ग मोटरबाटो	५६३६२०
६२-१/१६	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	जिरो प्वाइन्ट खेवारिङ्ग सडक	४५५०२८
६४-१/२४	एस.बि.कन्स्ट्रक्सन	पिखुवा अलैचे मोटरबाटो	१७२१९१३
६७-१/२६	एस.बि.कन्स्ट्रक्सन	हिसिङगाउँ गडीडाँडा मोटरबाटो	४९१२१५
६८-१/२६	एस.बि.कन्स्ट्रक्सन	ढलेप अठाने डाँडा मोटरबाटो	५८९१७१
७५-१/२९	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	खेवारीङ जिरोप्वाइन्ट वडा कार्यालय हुँदै चप्लेवा जाने मोटरबाटो	४९२८५२
१०९-२/२०	बृटिश कन्स्ट्रक्सन कं.प्रा.लि.	उकाली आपुङ्ग मोटरबाटो	१७७८६३१
१३१-३/११	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	भाङटारी पैरेनी चप्लेवा मोटरबाटो	९१२८३२
१३२-३/१४	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	खेवारिङदेखि वडा कार्यालय	७७२०८०
१३५-३/१४	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	तामिङ सिचुवा वास्तोला बाटो	११७५९९९
१४७-३/१८	तान्छो हाङ्गमा कन्स्ट्रक्सन	आहले चप्लेवा बर्खे मोटरबाटो	७४३६३३

चालु तर्फ

३७. **आर्थिक सहायता** – सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको तोक आदेश अनुसार विभिन्न कार्यक्रमबाट आर्थिक सहायता स्वरुप रु ४६३५०० भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न मापदण्ड तयार गरेको छैन । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३८. **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । उल्लेखित व्यवस्थाको पालना गर्न इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु ५४२७७७ खर्च गरेको छ । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको

ध्यान जानुपर्ने देखिन्छ ।

३९. **शिक्षक तलब भत्ताः** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र अन्तर्गतका विद्यालयहरुलाई आन्तरिक श्रोतबाट रु ४८५६९३४ शिक्षकहरुको तलब भत्ताका लागि अनुदान प्रदान गरेको छ । सो अनुदान रकम सोही प्रयोजनमा खर्च भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

४०. **बैठक भत्ता बढीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले वडासमितिको बैठकमा उपस्थित नभई देहायका कर्मचारीहरुलाई बैठक भत्ता वापत बढी भुक्तानी दिएको देखिएकोले सम्बन्धितबाट असूल हुनुपर्ने रु. १७०००

कर्मचारीको नाम	पाउनुपर्ने संख्या	पाएको संख्या	बढी संख्या	असूल संख्या
खड्ग बहादुर विक	१०	२०	१०	८५००
गुरुद्वारा सिं भट्टराई	१०	२०	१०	८५००
जम्मा				**१७०००**

४१. **वितरणमुखी कार्यक्रमः** ३२६-३।१२ पालिकाले यस आवमा अपाङ्ग भएका व्यक्ति (ग र घ वर्गका अपाङ्गता भएका) हरुलाई चाडपर्व खर्च भनि ग वर्गका लाई रु.१२००० र घ वर्गका लाई रु.६००० का दरले वित्तिय समानिकरण अनुदानबाट रु ३६०००० वितरण गरेको देखियो । लक्षित वर्गको क्षमता अभिवृद्धि, सीपमूलक तालिम, पुँजी निर्माण हुने उत्पादनमूलक कार्यक्रममा खर्च नगरी लोकप्रिय प्रकृतिको कार्यक्रम सञ्चालन गर्नु मनासिव देखिएन ।

४२. **खेलकुद विकास कार्यक्रमः** गाउँपालिकाले खेलकुद विकास कार्यक्रम तर्फ विभिन्न संघ संस्थाहरुलाई विभिन्न खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, विभिन्न प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त संघहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता संस्थाहरुलाई पालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद विकास कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

गो.भौ.नं.	संघको नाम	भुक्तानी
८२-८/२१	लालिगुरास युवा क्लब	२५०००
२७३-१/२९	वडास्तरीय खेलकुद समिति वडा नं. १	१०००००
३०८-३/२	त्रिलोकेश्वर शिवालय मन्दिर खेलकुद समिति	२५०००
३४०-३/१६	वडास्तरीय खेलकुद समिति वडा नं. २	२००००
३७६-३/२८	सभापोखरी गाउँपालिका खेलकुद विकास समिति	५०००००

४३. **सोझै खरीदः १४-६/१०** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले एक लाख रुपियाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरीदमा युनिक प्रेसलाई रु ३१९९८५ भुक्तानी गर्दा उक्त नियमावली बमोजिमको प्रक्रिया पुरा नगरी खरीद गरेको देखियो ।

४४. **परामर्शदाताबाट कानून निर्माणः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । पालिकाले कमन इन्टरनेशनल मिडिया प्रा.लि लाई पालिकाको ऐन कानुन कार्यविधि तयार गर्न रु. १३३२२५० भुक्तानी गरेको छ । कार्यालयको

	जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ ।	
४५.	**आधार पेश हुनु** ५१-७/३० यस गाउँपालिका अध्यक्ष श्री रत्नबहादुर सुब्बाले मिति २०७६/७/२९ गतेको पत्रमा भ्रमण खर्च इन्धन र संचार महसुल वापत भुक्तानी माग भई संचार वापत रु ४५०० भुक्तानी भएको छ ।गाउँपालिका प्रमुखले प्रदेश कानूनमा तोकिए बमोजिम सुविधा मासिक रुपमा लिएकोमा पुनः संचार खर्च लिन पाउने आधार पेश हुनु पर्ने रु	४५००
	पुँजीगत तर्फ	
४६.	**१२-२०७६/७/१८** आ.व. ७५/७६ को विभिन्न फर्महरुलाई भुक्तानी गर्दा कट्टी भएको **५०** प्रतिशत मु.अ.कर वापतको रकम सोही वर्ष सम्बन्धित खातामा दाखिला नगरी बाँकी राखेकोमा यस वर्षको बजेटबाट २०७६/७/८ को निर्णय अनुसार रु ११३१४१३ दाखिला गरेको पाइयो । अन्तिम लेखापरीक्षण हुँदा स्मृति निर्माण सेवाको रु २२२६८१.५० र दाजुभाई निर्माण सेवाको रु २३४९८९.५० समेत जम्मा रु.४५७६७१ मात्र दाखिला गर्न बाँकी रहेको उल्लेख भएकोमा सो भन्दा बढी मु.अ.कर सम्बन्धितको खातामा दाखिला भएको सम्बन्धमा स्पष्ट नभएको रु	६७३७६०
४७.	**पटक पटक म्याद थपः** ४५-२०७६/११/३० गाउँपालिका वडा नं. ५ कार्यालय भवन निर्माण गर्न २०७५/११/२९ को सम्झौता अनुसार रु.५३७७३०५.३६ मा २०७७/३/११ भित्र कार्य सक्ने भनिएकोमा प्रथम पटक २०७६ कार्तिक मसान्त सम्म म्याद गरेकोमा सो अवधिमा पनि कार्य सम्पन्न नगरी दोस्रो पटक पुनः २०७६ फागुन मसान्त सम्म थप गरेको देखिन्छ । यसरी पटक पटक म्याद थप गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिएको छैन । हर्जना नलिइ पटक पटक म्याद थप गर्नु उपयूक्त देखिएन ।	
४८.	**पूर्वनिर्धारित क्षतिपूर्तिः २१-२०७६/८/१५** डके बाह्रविसे सडक स्तरोन्नति चेनेज ०+००० देखि ४+६६० सम्मको सडक निर्माण गर्न बालाली निर्माण सेवा सँग २०७६/७/२५ भित्र कार्यसम्पन्न गर्न २०७६/१/२५ मा रु १४४७८३८९.१० को सम्झौता भएकोमा व्यवसायीले २०७६/८/१० मा अन्तिम वील पेश गरी २०७६/८/४ मा कार्य सम्पन्न गरेको देखिन्छ । योजनाको स्थलगत अनुगमन २०७६/८/११ भई २०७६/८/१२ मा वीजक नं. ४ बाट कुल रु.१४९३८५९६.६३ मध्ये रु. ४४३८६९३.६३ को अन्तिम वील रकम पेश गरिएकोमा रु.४४१५२०० भुक्तानी भएको देखिन्छ । व्यवसायीले सम्झौता म्याद भन्दा १८ दिन ढिला गरी कार्यसम्पन्न गरेको र सो ढिला अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति कट्टी गरेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार दैनिक रु ७२३९.१८ का दरले रु १३०३०५.५० पूर्वनिर्धारित क्षतिपूर्ति नलिनुको कारण स्पष्ट हुनुपर्ने रु.	१३०३०५.५०
४९.	**विविध कोष जम्मा** विभिन्न योजनाबाट कट्टी भएको कन्टिन्जेन्सी वापतको रकम प्राइम कमर्सियल बैंकमा रहेको ग ५.१ विविध कोष खातामा जम्मा गरेको देखियो ।अलगगै कन्टिन्जेन्सी खाताको व्यवस्था गरि निर्मित संरचनाहरुको मर्मत सम्भार कार्य हुनुपर्नेमा विविध कोषमा जम्मा गरेको देखिएको रु	१२२४२१६

भौ.नं. र मिति	**कट्टि रकम**	**बैंक खाता नं.**
११८-२०७७/२/२७	४०८८७१	०६९०००२३३ CA
१६८-३/२८	३९२५०८	
१६६-३/२८	३१५८३७	
१९२-३/३०	१०७०००	
जम्मा	१२२४२१६	

५०.	१३१-३/११ भाङटार पैरेनी चप्लेवा मोटरवाटो निर्माण गर्न रु.११९९७१४ को लागत तयार भै उपभोक्ता समितिले ११९९७१।४० श्रमदान गर्ने गरी २०७६/१२/८ मा सम्झौता भएकोमा २०७७/२/२० मा कार्यको विल पेश गर्दा लागत अनुमान अनुसारको निम्न परिमाणमा घटीबढी तथा कार्य नगरेको देखिन्छ ।	

दर	**कार्य विवरण**	**लागत अनुमान**	**कार्यसम्पन्न**	**घटी बढी परिमाण**

		परिमाण	रकम	परिमाण	रकम	
५१.७०	नरम तथा साधारण माटो	९८४५.९९ घ.मि.	५०९०३७.६८	५४६१.४८ घ.मि.	२८२३५८.७७	४३८४.५१ घटी
१५५.११	साधारण प्रकारको माटो काट्ने	५२७.४४ घ.मि.	८१८०५.९४	३३८७.६४ घ.मि.	५२५४५६.८६	२८६०.२० बढी
१५६०.१७	कडा प्रकारको माटो काट्ने	२९८.९६ घ.मि.	४६६४२५.४३	-	-	नगरेको

माथि उपभोक्ताले पाएको कार्य तान्छो हाङ्गमा कन्ट्रक्सनबाट गराएको विल पेश भएको छ । सुरु लागतमा भएको रु.५१.७० दरको परिमाण ४५.५३ प्रतिशत मात्र गरेको र बढी दर भएको परिमाणमा ५४२.२८ प्रतिशत बढी कार्य गरेको छ । कडा माटो काट्ने कार्य गरेको छैन । सुरु लागत परिमाण अनुसार कार्य नभएकमा सो हुनु प्राविधिक कारण उल्लेख गरेको छैन । सम्झौता हुँदा रु.११९९७१४ को कार्य गर्ने भनिएकोमा रु.९१७८३१.६६ को मात्र कार्य गरेकोले सम्झौता भन्दा रु.२८१८८३ घटीको कार्य गरेको देखिन्छ । सम्झौतानुसारको पुरा कार्य नभएकोमा कारण उल्लेख गरेको छैन ।

५१. १३२-३/१४ खेवारीङ देखि वडा कार्यालय जानेवाटोको रु.९९९८३४.४४ को लागतमाम श्रमदान रु.९६९८३.९४ समेत २०७७/३/२५ मा कार्य सक्ने गरी उपभोक्तासँग सम्झौता भएकोमा तान्छो हाङ्गमा कन्स्ट्रक्सनबाट माटो काट्ने कार्य गराई रु.७७२०७९.९९ को विलसमेत जम्मा रु.७७७०७९.९९ को मात्र कार्य गरेको छ । सम्झौता भन्दा रु.२२२७५४.४५ घटीको कार्य गरेको र सुरु लागतको नरम साधारण माटो काट्ने कार्यमा रु.२९२७३२.७५ घटी र साधारण चट्टान काट्ने कार्यमा रु.३५७४३३.७७ बढीको काम गरेको सम्पन्न प्रतिवेदन तयार गरेको छ । घटी बढी कार्य गरेको सम्बन्धमा पुष्टयाई गरेको छैन ।

५२. निम्नानुसार कार्यको गत आर्थिक वर्षको विल भरपाईको आधारमा यस वर्षको बजेटबाट गत वर्ष नै चेक सट्टी नभएको नभी भुक्तानी दिएको देखियो। तर काटीएको चेक सट्टी नभएको भए पेश हुनु पर्ने र फिर्ता आम्दानी जनाएको देखिएन। अतः चेकको रकम एक महिना सम्म सट्टी गर्न सकिनेमा सट्टी हुन नसकेको कारण र विवरण पेश हुनु पर्दछ।

सि.नं.	समितिको नाम	सम्झौता मिति	बिल पेश मिति	रकम
१.	सामुदायिक स्वास्थ्य इकाई भवन नि.उ.स.	२०७५/१०/२५	२०७६/३/३१	८५५७८५
२.	सामुदायिक स्वास्थ्य इकाई शौचालय निर्माण	२/६	३/३१	३६१४१९
३.	शिला पत्थर आ.वि.भवन नि.उ.स.	१/२२	३/२५	१०६२०७८
	जम्मा			**२२७९२८२**

५३. **हर्जना असुल** ६९-२०७७/१/२८ डके बाह्रविसे सडक (देउराली बाह्रविसे खण्ड चेनेज ४+६६० देखि ९+३२८ सम्म) प्रदेश सरकारको सशर्त अनुदानबाट निर्माण गर्न रु.१४९९९२५५.११ को लागत भएकोमा रु.१४१७५०१७.८५ ठेक्का रकममा २०७६/७/२४ भित्र कार्य सक्ने गरी २०७६/१/२५ मा सम्झौता भएको देखिन्छ।कार्यको प्रथम बिल २०७६/३/१६ मा रु.६७९३८३१, दोश्रो बिल २०७६/३/३१ मा रु.४२१३४११ र २०७७/१/२८ मा अन्तिम बिलवापत रु.३३६७७७५ समेत कुल रु.१४१७५०१७ को कार्य गरेको छ।सुरु सम्झौता हुँदाको मिति अगाडी नै कार्य सकेको मिति उल्लेख गरी कार्य सम्पन्न तयार गरेको भएता पनि व्यवसायी एस.बि.कन्स्ट्रक्सनले कार्य सम्पन्न भएकोले अन्तिम बिल भुक्तानी गर्न २०७६/८/१ मा मात्र निवेदन दिएको देखिन्छ। अतः दिन ६ विलम्ब गरी सम्पन्न गरेकोमा हर्जना वापत प्रतिदिन रु.७०८७.५१ ले रु.४२५२५.०४ कट्टी नगरी भुक्तानी भएकोले सो हर्जना असुल हुनु पर्ने रु. ४२५२५.०४

५४. अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट रोड सेफ्टी वापत रु.३०००० समेत भुक्तानी गरेकोमा बिल भरपाई पेश नभएको रु. ३००००

५५. प्रोभिजनल समबाट रु.५५००० भुक्तानी गर्दा सोमा मुल्य अभिवृद्धि कर समेत जोडी भुक्तानी भएकोले कर बीजक बेगर भुक्तानी गर्न मिल्ने नदेखिएकोले असुल हुनु पर्ने रु. ७१५०

५६. **गाउँपालिका भवन निर्माणः** गाउँपालिका प्रशासनिक भवन निर्माणको लागि जम्मा रु.२९२२५४५२.७९ को लागत तयार भै २०७८/१/३० मा कार्य सक्ने गरी वल्ड वाइड कन्स्ट्रक्सन-एस.बि.कन्स्ट्रक्सन जे.भी.सँग २०७७/३/९ मा रु.२१८८४६६६.११ को ठेक्का सम्झौता भएको देखिन्छ । यस आर्थिक वर्षभित्र कुनै पनि निर्माण कार्य भएको बिल भुक्तानी भएको छैन। मिति २०७८/१/४ मा स्थलगत अवलोकन गर्दा भवको डि पि सी लेभल सम्म निर्माणको कार्य भएको भएता पनि उक्त कार्य गुणस्तरहिन गलत डिजाइन र त्रुटीपूर्ण देखिएकोले यसमा आवश्यक छानवीन गरेर मात्र कार्य अगाडी बढाउनु पर्ने देखिन्छ ।

५७. उपभोक्ता समितिले हेभि मेशिनको प्रयोग गरी बिल पेश गर्दा सुरु लागत अनुमानमा भएको भन्दा बढी मु.अ.कर भुक्तानी भएको पाइएकोले फिर्ता हुनु पर्ने रु. १४५३८.७८

भौ.नं.र मिति	समिति	कार्य	लागतमा मु.अ.कर	भुक्तानी मु.अ.कर	बढी मु.अ.कर
१३५-३/१४	बधबारे तामिङ्ग सिँचाइ वास्तोला मोटरबाटो	बाटो निर्माण	१५४३५९.६४	१६७०३१.७०	१२६७२.०६
१४७-३/१८	आहले चप्लेवा बर्खे मोटरबाटो	बाटो निर्माण	८३६८४	८५५५०.७१	१८६६.७२
जम्मा			**२३८०४३.६४**	**२५२५८२.४१**	**१४५३८.७८**

संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमः

५८. **झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमः** २-२०७६/१०१० तितेखम्बु झोलुङ्गे पुल निर्माण (**SWAP**) योजनाको कुल अनुदान रकम रु.३८६६९४९.२४ भई **SWAP** कार्यक्रमबाट रु.१८४४३५० व्यहोर्ने भनी उललेख गरेको पाइयो।उक्त योजना २०७६/३/२५ मा सम्पन्न गर्न भनी गरिएको सम्झौतामा २०७६/३/२३ मा रु.३८२४९८६.२२ मा सम्पन्न भई गत आ.व.को भौ.नं. १०-२०७६/३/१८ बाट रु.१७४७४६८ र रु.७२७३८ गरी जम्मा रु.१८२०२०६ भुक्तानी भएको पाइयो।नपुग रकम यस आ.व.मा भुक्तानी गर्ने भनी टिप्पणीमा उल्लेख भएकोमा भौ.नं.२-२०७६/१०/१० बाट रु.८१९४७ र भौ.नं.५-२०७६/१०/१४ बाट रु.७२७३८ गरी हालसम्म जम्मा रु.१९७४८९१ भुक्तानी भएको पाइएकोले बढी भुक्तानी सम्बन्धमा स्पष्ट(प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. १३०५४१

५९. **मु.अ.कर बाहेकको जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावली २०६४ नियम ४७ (१) बमोजिम कार्यालयमा रहेको र खरीद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । कार्यालयले खर्च लेखेको निम्न अनुसारको जिल्लागत रुपमा विभिन्न योजनाहरुको जिन्सी भण्डार अभिलेखमा आम्दानी बाँध्दा मु.अ.कर सहित बाँध्नुपर्नेमा कर बाहेकको बाँधेको पाइएकोले नियम अनुसार देखिएन ।

६०. **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) अनुसार बोलपत्र छनौट भएको सात दिनभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्दछ।यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ भनी उल्लेख गरेको छ।निम्न व्यवसायीले लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेकोमा घटी जमानत पेश गरेकोले नपुग जमानत वापतको रकम दाखिला गर्नु पर्ने देखिएको रु. ५०६६११

क्र.सं.	निर्माण व्यवसायी	योजाको नाम	लागत अनुमान	कबोल अङ्क	घटी कबोल (%)	जमानत राख्नुपर्ने	जमानत राखेको	घटी जमानत
१.	देउराली निर्माण सेवा, खाँदबारी-१, संखुवासभा	धुपुशेरा देखि स्वामीधारा सडक स्तरोन्नती	१९९९९६५०.२७	१३६८४५३२.८७	३१.५८	२३४१८११.५७	२०६८०००	२७३८१२
२.	जय गोर्खा कन्स्ट्रक्सन, धरान-१६, सुनसरी	१ नं. वडा कार्यालय भवन निर्माण	४९८११२९.५०	३३५३७२८.२९	३२.६७	६०७८०२.३१	५४००००	६७८०२

३.	जय गोर्खा कन्स्ट्रक्सन, धरान-१६, सुनसरी	३ नं. वडा कार्यालय भवन निर्माण	४९८४३७८.३०	३३८९१७२.०३	३२.००	५९३२३३.३६	५२५०००	६८२३३
४.	एस.वि. कन्स्ट्रक्सन, खाँदबारी-९, सभापोखरी-३, संखुवासभा	खिलिङ पावा सडक निर्माण, ठेक्का	४८०१७६५.०८	२४४२१९२.४३	४९.१४	९४१७६३.५७	८४५०००	९६७६४
	जम्मा					**४४८४६१०.८१**	**३९७८०००**	**५०६६११**

शिक्षातर्फ

६१. **विद्यालयगत निकासा रजिस्टर्ड –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।

६२. **शौचालय निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.११.१.२.१(८.६) अनुसार शौचालयको ड्रइङ डिजाइन शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसारका आधारममा निर्माण गर्ने भनी उल्लेख गरेको छ।तर गाउँपालिका आफैले डिजाइन स्वीकृत गरी शौचालय निर्माण गरी कार्य सम्पन्न पेश गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना गरी कार्य हुनु पर्दछ ।

क्र.सं.	विद्यालयको नाम	अनुदान रकम
१.	प्रकाश आ.वि.	७०००००
२.	सिद्धार्थ आ.वि.	७०००००
	जम्मा	**१४०००००**

६३. **पोशाक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र ३६(८) ममा बजेट खर्च गर्दा खर्च भएको बिल भरपाई सहित लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ।यस वर्ष कार्यालयले मंगलादेवी आ.वि.गाँठगाउँमा ३ जना कार्यालय सहयोगीलाई पोशाक खर्च रु.३०००० भुक्तानी गर्नु पर्नेमा रु.४०००० भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी असुल गरी दाखिला गर्नु पर्ने रु. १००००

स्वास्थ्य तर्फ

६४. **निशुल्क औषधी खरिद र वितरण –** पालिकाले यस वर्ष सशर्त अनुदानबाट औषधीहरु खरिद गरि स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा निम्न विवरण प्राप्त भएको छ । पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५.७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।

औषधीको नाम	अल्या	गा.पा.बाट खरीद	स्वास्थ्य कार्यालयबाट प्राप्त	जम्मा	खर्च	बाँकी
Amoxiline 250 mg	१२६८०	३०००	१०००	१६६८०	१०८००	५८८०
Salbutamol mg	३८३०	३०००	१०५००	१७३३०	५४००	११९३०
Amoxiline 500 mg	१८३३०	६५००	१३०००	३७८३०	१४०००	२३८३०
Dexycyline 100 mg	९५०	१५००	०	२४५०	३५०	२१००
Vitamin B complex	२१५००	०	०	२१५००	८१००	१३४००
Ferrous Sulphate	१५६००	१००००	५००००	७५६००	६५०००	१०६००
Cipro 500 mg	१३७००	५५००	३०००	२२२००	७७०	२१४३०
Paracetamol 500 mg	२६३००	०	२९०००	५५३००	३५५५०	१९७५०

Amlodipines 5 mg	१६५०	०	२०००	३६५०	९००	२७५०
Metformin 500 mg	५००	०	०	५००	५००	०
Cetrizine 10 mg	४४९०	२५००	६०००	१२९९०	६२५०	६७४०
Metronidazole 400 mg	१५८००	२०००	१२००	१९०००	४९००	१४१००
Paracetamol 250 mg	०	०	०	०	०	०
Fruseide 40 mg	०	५००	०	५००	१३५	३६५
Ibuprofex 400mg	१६२०५	२०००	१००००	२८२०५	१६६००	११६०५

प्रधानमन्त्री रोजगार कार्यक्रम

६५. स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु.७ लाख ४८ हजार खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २१(१) बमोजिम श्रमिकको ज्याला भुक्तानी पालिकाले सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्ने हुन्छ। साथै प्रधानमन्त्री रोजगार कार्याक्रम संचालन निर्देशिका २०७५ को अनुसुची १ देखि ७ सम्मको विवरण तयारी गरी बेरोजगार व्यक्तिलाई काममा लगाउनु पर्नेमा सो कार्यान्वयन नगरी डोर हाजिरी फारमबाट खर्च लेखिएको छ। कार्यविधिको पालना गरी खर्च गर्नु पर्दछ।

सामाजिक सुरक्षातर्फ

६६. **सफ्टवेयर प्रणाली** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

६७. **लाभग्राहीको विवरण प्रविष्टि गर्ने** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको आभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन ।

६८. **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन।

६९.	**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।	
७०.	**अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।	
७१.	**नगद भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानिय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नगद नै वितरण गरेको पाइएकोले सो नियम सम्मत देखिएन ।	
७२.	**कर्मचारीलाइ पेश्की उपलब्ध गराइ भत्ता विवरण** - कार्यविधिको दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तोकिएको समयभित्र वितरण गरेको पाइएन । गाउँपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता पेश्की उपलब्ध गराउने र वडा कार्यालयले लाभग्राहिहरुमा वितरण गरि तोकिएको अवधि भित्रै पेश्की फछ्र्यौट गर्नु पर्दछ ।	
७३.	**सामाजिक सुरक्षा भत्ता बढी निकासा –** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।साथै उक्त कार्यविधिको दफा १५(१) मा प्रत्येक स्थानीय तहले दफा १३ बमोजिम एम.आ.इ.एस.मा प्रविष्ट भएका लाभग्राहीहरुको अद्यावधिक प्रविष्ट वा प्रमाणित विवरणका आधारमा को.ले.नि.का.बाट नियमानुसार निकासा प्राप्त गर्ने भनी व्यवस्था रहेको छ। तर गाउँपालिकाले देहायअनुसार लाभग्राहीको लगत अद्यावधिक नगरी MIS मा समेत प्रविष्ट नभएका लाभग्राहीलाई समेत भत्ता वितरण गरेको पाइएको छ। अतः वडाहरुको गाउँपालिकाले नै छानविन गरि आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.	३२११२००

वडा नं.१					
भत्ताको किसिम	**वितरण संख्या**	**एम.आइ.एस.संख्या**	**बढि संख्या**	**दर**	**बढि वितरण**
ज्येठ नागिरक भत्ता अन्य	४००	३९६	४	१२०००	४८०००
ज्येठ नागिरक भत्ता दलित	२३	०	२३	८०००	१८४०००
बालबालिका सुरक्षा भत्ता दलित	११६	११२	४	१६००	६४००
जम्मा					**२३८४००**
वडा नं.२					
ज्येठ नागिरक भत्ता दलित	२३	०	२३	८०००	१८४०००
जम्मा					**१८४०००**

वडा नं.३					
ज्येठ नागिरक भत्ता अन्य	२५५	२४०	१५	१२०००	१८००००
विधुवा	९५	५९	३६	८०००	२८८०००
पुर्ण अपाङ्ग भत्ता	५	३	२	१२०००	२४०००
अति अशक्त अपा	२८	१८	१०	६४००	६४०००
बालबालिका सुरक्षा भत्ता दलित	१३	४	९	१६००	१४४००
जम्मा					**५७०४००**
वडा नं.४					
ज्येठ नागिरक भत्ता अन्य	१६८	१४३	२५	१२०००	३०००००
ज्येठ नागिरक भत्ता दलित	९	६	३	८०००	२४०००
विधुवा	५९	३६	२३	८०००	१८४०००
पुर्ण अपाङ्ग भत्ता	३	०	३	१२०००	३६०००
अति अशक्त अपा	२०	१२	८	६४००	५१२००
जम्मा					**५९५२००**
वडा नं.५					
ज्येठ नागिरक भत्ता अन्य	१५४	१३७	१७	१२०००	२०४०००
विधुवा	६८	३८	३०	८०००	२४००००
पुर्ण अपाङ्ग भत्ता	१०	३	७	१२०००	८४०००
अति अशक्त अपा	१५	९	६	६४००	३८४००
जम्मा					**५६६४००**
वडा नं.६					
ज्येठ नागिरक भत्ता अन्य	३१९	२७८	४१	१२०००	४९२०००
ज्येठ नागिरक भत्ता दलित	४२	३६	६	८०००	४८०००
विधुवा	११३	६७	४६	८०००	३६८०००
पुर्ण अपाङ्ग भत्ता	५	३	२	१२०००	२४०००
अति अशक्त अपा	३५	१८	१७	६४००	१०८८००
बालबालिका सुरक्षा भत्ता दलित	४५	३५	१०	१६००	१६०००
जम्मा					**१०५६८००**
कुल जम्मा					**३२११२००**

कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन

७४. कोरोना (कोभिड १९) नियन्त्रण र व्यवस्थापन कार्यका लागि यस पालिकामा विभिन्न माध्यमबाट कुल रु.५११२९३९ आम्दानी भएको देखिन्छ भने खाद्यान्न, औषधी उपचार, क्वारेन्टाइन व्यवस्थापन लगायतमा रु.४०७९४३४ खर्च भएको छ । आ.व. ७६/७७ को अन्त्यमा कोरोना व्यवस्थापन कोषमा रु.१०३३५०५ रकम बाँकी देखिन्छ । कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सोझै विधिबाट खरीद भएको देखियो ।

धरौटी व्यवस्थापन कोष

७५. **धरौटी विवरणः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी

रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. ७६/७७ सम्म धरौटी खातामा मौज्दात रहेको रु. ८२३७०० जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।

७६. **धरौटी फिर्ताः** आन्तरीक राजस्व कार्यालयको मू.अ.कर समायोजन प्रमाण लिएर मात्र धरौटी रकम फिर्ता गर्नु पर्नेमा देहायका फर्महरुको धरौटी मू.अ.कर समायोजन प्रमाण नलिइ फिर्ता गरेको पाइएकोले मू.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने रु ५०१४५७

भौ.नं. र मिति	**फर्मको नाम**	**धरौटी रकम**
३-९/१५	ल.बि.किरण कन्ट्रक्सन	२५२०००
१०-२/२९	एस.वि.कन्ट्रक्सन	२४९४५७
जम्मा		**५०१४५७**

७७. **म्याद थपः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परि खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद थप निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने व्यवस्था । निम्न ठेक्का सझौताहरुको म्याद थप गर्दा मनासिव कारण उल्लेख नगरिएको र हर्जना नलिइ थप गरेको देखियो ।

ठेक्का नं.	ठेकेदार	कार्य	सझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	म्याद थप भएको मिति	सम्झौता रकम
धुपुशेरा देखि स्वामीधारा सडक स्तरोन्नती (चेनेज ३+००० देखि ८+३२० सम्म) ठेक्का नं. **SPRM/DTSD/NCB/01/076/77**	देउरालि निर्माण सेवा, खाँदबारी-१, संखुवासभा	सडक स्तरोन्नती	२०७७/०२/०५	२०७७/०३/३०	२०७७/०९/३० र २०७८/०१/३०	१३६८४५३२.८७
१ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/03/076/77**	जय गोर्खा कन्स्ट्रक्सन, धरान-१६, सुनसरी	भवन निर्माण	२०७७/०२/२२	२०७७/०७/३०	२०७७/०९/३०	३३५३७२८.२९
३ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/04/076/77**	जय गोर्खा कन्स्ट्रक्सन, धरान-१६, सुनसरी	भवन निर्माण	२०७७/०२/२२	२०७७/०७/३०	२०७७/११/३०	३३८९१७२.०३
खिलिङ पावा सडक निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/05/076/77**	एस.वि. कन्स्ट्रक्सन, खाँदबारी-९, सभापोखरी-३, संखुवासभा	सडक निर्माण	२०७७/०२/२२	२०७७/०७/३०	२०७७/०९/३०	२४४२१९२.४३
आधारभुत स्वास्थ्य इकाई भवन निर्माण, वडा नं. ५, ठेक्का नं. **SPRM/DTSD/NCB/08/076/77**	सभापोखरी कन्स्ट्रक्सन, सभापोखरी-६, संखुवासभा	भवन निर्माण	२०७७/०३/१४	२०७७/१०/३०	२०७७/१२/३०	३२४६११०.२३

७८. **लागत अनुमानका तुलनामा घटी दरः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम लागत अनुमान भन्दा अत्याधिक घटेको ठेक्कालाई स्वीकृत गरेको छ । अत्याधिक घटेको बोलपत्रमा गुणस्तरीय कार्य गराउने तर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ ।

क्र.स	ठेकदार । व्यवसायीको नाम	बोलपत्र विक्रि सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	स्वीकृत रकम	प्रतिस्पर्धा प्रतिशत
१.	खिलिङ पावा सडक निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/05/076/77**	४	४	४८०१७६५.०८	२४४२१९२.४३	४९.१४
२.	आधारभुत स्वास्थ्य इकाई भवन निर्माण, वडा नं. २, ठेक्का नं. **SPRM/DTSD/NCB/06/076/77**	१२	५	३८८६६६५.८८	२४८५०३४.६२	३६.०६
३.	१ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/03/076/77**	७	६	४९८११२९.५०	३३५३७२८.२९	३३.६७
४.	३ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/04/076/77**	५	५	४९८४३७८.३०	३३८९१७२.०३	३२.००४
५.	धुपुशेरा देखि स्वामीधारा सडक स्तरोन्नती (चेनेज ३+००० देखि ८+३२० सम्म) ठेक्का नं. **SPRM/DTSD/NCB/01/076/77**	९	९	१९९९९६५०.२७	१३६८४५३२.८७	३१.५६
६.	आधारभुत स्वास्थ्य इकाई भवन निर्माण, वडा नं. ४, ठेक्का नं. **SPRM/DTSD/NCB/07/076/77**	१२	८	३८८५९४९.६६	२८९९८८८.४२	२५.३७
७.	सभापोखरी गाउँपालिका प्रशासनिक भवन निर्माण, ठेक्का नं. **SPRM/DTSD/NCB/02/076/77**	३	३	२९२२५४५२.७९	२१८८४६६६.११	२५.१२

७९. **खरिद कार्यमा न्यून प्रतिस्पर्धाको स्थितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली, २०६४

को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था छ । कार्यालयले ठेक्कामा e-Bidding मार्फत प्रतिस्पर्धात्मक खरिद कार्य गराउने गरेको भएता पनि देहायको ठेक्कामा भने लागत अनुमानकै हाराहारीमा ठेक्का स्वीकृत भएको देखिएकोले ऐन र नियमावली बमोजिम ठेक्कामा प्रतिस्पर्धा हुन सकेन ।

क्र.स	ठेकदार/व्यवसायीको नाम	बोलपत्र विक्रि सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	स्वीकृत रकम	प्रतिस्पर्धा प्रतिशत
१.	५ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/SBD/NCB/04/075-76**	१६	३	५३७८३१०.५३	५३७७३०५.२४	०.०२
२.	४ नं वडा कार्यालय भवन निर्माण ठेक्का नं SPRM/SBD/NCB/03/075-76	१८	२	५०२४९७९.८	५०२०१८४.५७	०.१
३.	२ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. **SPRM/SBD/NCB/02/075-76**			५०१८६६८.२७	४९८९१३९.०८	०.५९
४.	डके बाह्रबिसे सडक स्तरोन्नती डके देउराली खण्ड ठेक्का नं SPRM/SBD/NCB/05/075-76	३	२	१४९९९७४९.४४	१४४७८३८९.१	३.४८

८०. **पेश्की बाँकीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सुत्रमा अभिलेख भएको फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.२११) तथा खर्चको फाँटवारी (म.ले.प.फा.नं.२१०) अनुसार निम्नानुसार पेश्की वर्षान्तमा फछ्र्यौट नभएकाले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. १७०००००

सि.नं.	नाम	विवरण	पेश्की रकम	
			म्याद ननाघेको	म्याद नाघेको
१.	पुर्वाधार विकास कार्यालय	साझेदारी हुने कार्यक्रम खर्च		१७०००००
२.	श्री हिलटप नेपाल	सभापोखरी तारा छनौट	११९०००	
	जम्मा		**११९०००**	**१७०००००**

आन्तरिक लेखापरीक्षबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्

८१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था भएकोले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फछ्र्यौट गर्नुपर्ने रु २९८४४।२२

गो.भौ.	मिति	स्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा(बेरुजु)	नियमित	असुल गर्नुपर्ने
भापोखरी गाउँपालिकाको चालु खर्च बजेट उपशिर्षकः ८०१०४५०४००१				
२५	२०७६/०६/११	भोजराज चोलगाईलाई दैनिक भ्रमण खर्चको भुक्तानी गर्दा इन्धन र मर्मत खर्चको रु १३४०० पनि भुक्तानी दिदा रु २०१ अग्रीम आयकर कट्टा नगरी भुक्तान गरीएको देखिन्छ उक्त रकम असुल उपर गरी आयकर खातामा दाखिला गर्नु पर्ने रु		२०१
९९	२०७६/८/२२	न्यायीक समिति कानुनी परामर्स दाता शिर्षकबाट खर्च गर्दा आबश्यक विल भरपाई न राखी सही छाप नगरी श्री जिवन कालाखेती लाई रु १०५०० दिएको देखीन्छ । उत्त रकम के कामका लागि दिईएको र कसले बुझेको भन्ने स्पष्ट छैन एकीन गरी खर्च नभएको भए स्थानीय आन्तरीक राजस्व खातामा दाखिला गर्नु पर्ने रु	१०५००	
१२९	२०७६/०९/२०	अमानतबाट कार्यगर्ने भनी सन्तबीर तामाङ सगँ सम्झौता गरी भोटीखोला सडक मर्मतलाई भुत्तानी दिदा अग्रीम आयकर कट्टी नगरी भुत्तानी दिएको देखिन्छ उत्त अग्रमी आयकर रु ३४८।७५ असुलउपर गरी कर दाखीला गर्नु पर्ने रु		३४८।७५
१७९	२०७६/११	कृषि कार्यक्रमको विउ वितरण कार्य कार्ययोजना नबनाई वडागत सीफारीस,		

		/१२	अनुगोमन बेगर गरीएको देखिन्छ ।			
	२३३	२०७६/११ /१२	स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण खर्च वापातको रकम श्री धिरेन्द्र भण्डारीलाई भुत्तान दिदा बढी भुत्तान भएको रकम रु ९०० संचितकोष खातामा दाखिला गर्नु पर्ने रु		९००	
	३५८	२०७६/३/ २५	शैक्षिक संस्थाहरुलाई अपुग पाठ्यपुस्तक रकम निकासा गर्दा जनज्योति मा.वि. धुपुलाई रु २४१० बढि निकासा भएको देखिन्छ उत्त रकम असुल उपर गरी स्थानीय आन्तरीक राजस्व खातामा दाखिला गर्नु पर्ने रु		२४१०	
	३९२	२०७७/३/ २९	पशुविकास तथा पशुप्रसार कार्यक्रम अन्तगर्त पर्शुराम राई सँग प्राविधिकका लागत अनुमान राखि सझेदारीममा काम गर्ने गरी सम्झौता गरीएता पनि कती रकम कार्यालयले व्यहोर्ने कती रकम कृषकले व्यहोर्ने, कती रकममा कार्य सम्पन्न गर्ने भनी सम्झौता गरीएको हो स्पस्ट नभएको र भुत्तानी दिदा प्राविधिक लागत अनुमान रु ५९०८९ र प्राविधिकको अन्तीम मुल्याङकन रु ५९५६५÷– भए पनि भुत्तान दिदा रु ७२७४२ दिएको देखिन्छ लागत अनुमान भन्दा बढी भुत्तान भएको रकम रु १३६५२।९७ पर्शुराम राईबाट असुल उपर गरी स्थानीय आन्तरीक राजस्व खातामा दाखिला गर्नु पर्ने रु		१३६५२।९७	
	सभापोखरी गाउँपालिकाको पुँजीगत खर्च बजेट उपशिर्षकः ८०१०४५०४००१					
	विभिन्न	विभिन्न	उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको सम्झौताको बुदा नं. ११ मा योजनाको रकम भुक्तानी दिँदा धरौटी वापतक १० प्रतिशत रकम कट्टा गरिने रउपभोक्ता समितिले लेखापरिक्षण गराई प्रतिवेदन पेश गरेपछि उत्त रकम फिर्ता दिने उल्लेख भएकोमा गाउँपालिकाले सम्झौताको शर्त बमोजिम धरौटी रकम कट्टा नगरी रकम भुक्तानी दिएको पाईयो । सम्भौतामा उल्लिखित शर्तहरुको पालनामा कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।			
	४३	२०७७/११ /११	सातविसे स्वाची देउराली मोटरबाटो मर्मत उपभोक्ता समितिलाई भुक्तान दिदा रु ४२९०० को विल पेश भएकोमा उत्त रकमको अग्रिम आयकार रु ६४३।५० कट्टा नगरी भुक्तान गरीएको देखिन्छ उत्त रकम असुल उपर गरी राजस्व दाखिला गर्नु पर्ने रु		६४३।५०	
	सभापोखरी गाउँपालिकाको प्रदेश सरकारबाट हस्तान्तरित बजेट उपशिर्षकः ८०१०४५०४५०२ पुंजी					
	विभिन्न	विभिन्न	उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको सम्झौताको बुदा नं. ११ मा योजनाको रकम भुक्तानी दिँदा धरौटी वापतक १० प्रतिशत रकम कट्टा गरिने रउपभोक्ता समितिले लेखापरिक्षण गराई प्रतिवेदन पेश गरेपछि उत्त रकम फिर्ता दिने उल्लेख भएकोमा गाउँपालिकाले सम्झौताको शर्त बमोजिम धरौटी रकम कट्टा नगरी रकम भुक्तानी दिएको पाईयो । सम्भौतामा उल्लिखित शर्तहरुको पालनामा कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।			
	सभापोखरी गाउँपालिकाको संघिय सरकारबाट हस्तान्तरित बजेट उपशिर्षकः ८०१०४५०४५०१ चालु					
	विभिन्न्न	विभिन्न	स्वास्थ्य तर्फको कार्यक्रम संञ्चालन गर्दा भरपाई मार्फत जनप्रतिनिधि र कर्मचारीलाई भत्ता तथा विभिन्न खर्चहरु गरिएको देखिन्छ नेपाल सरकारको आर्थिक नियमावली अनुसार यस्ता खर्च गर्दा सम्बन्धीत व्यातिको बैक खाता मार्फत भुत्तान गर्नु पर्न्ने देखिन्छ ।			
	५६	२०७७/३/ १९	न्यानो झोला खरिद गरि बैभव लक्ष्मीलाई रकम भुत्तान गर्दा रु ११८८ अग्रिम आयकर कट्टा नगरी रकम भुक्तान गरीएको देखिन्छ उत्त रकम असुल उपर गरी कर दाखिला गर्नु पर्ने रु		११८८	
	सभापोखरी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष बजेट उपशिर्षकः ८०१०४५०४३००६०१					
	१३	२०७७/३/	क्वारेन्टाइम संञ्चालन तथा व्यवस्थापन समिति बनाई संञ्चालन गरीएको देखिन्छ तर			

		१८	क्वारेन्टाइमको अनुगमन तथा खटीएका कर्मचारीको हाजिरी प्रमाणित संम्बन्धीत निकाय÷व्याक्तिबाट भएको देखिदैन खर्चलाई पारदर्शी मितव्ययी बनाउन आगामी दिनमा संम्बन्धीत निकाय तथा पदाधिकारीले अनुगोमन कार्यलाई जोड दिनु पर्ने देखिन्छ ।			
८२.	**अनुगमन तथा मूल्याङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ ।सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने,गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत विगत वर्ष देखिको अध्यावधि बेरुजू लगत खडा गरेको देखिएन ।					
८३.	**संचित कोष र वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, बेरुजु (विनियोजन,राजस्व,धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्यावधिक बेरुजु स्थिती क्रमशः अनुसुची १,अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ ।					

सभापोखरी गाउँपालिका, संखुवासभाको सञ्चित कोष विवरण

२०७६।७७

-अनुसुची १

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
सभापोखरी गा.पा.	संखुवासभा	५१२७०४	९७०५	१.८९	५०४१८	२१३५९२	३६२६०	७०३३	३१८६०	२८८७४५	१०४७५५	४१४९८	७९१८०	२२५४३३	११३७३०

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

२०७६।७७

अनुसुची २

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
सभापोखरी गा.पा.	संखुवासभा	६८	१९	१०९५३	०	१	१२४८	६८	१८	९७०५	७२८	१५९२	५६८५	०	०	७२७७	०	१७००	१७००

अद्यावधिक बेरुजु स्थिति

२०७६।७७

अनुसुची ३

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	गत बर्ष सम्मको यथार्थ वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	सं.प.बाट कायम बेरुजु रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
सभापोखरी गा.पा.	संखुवासभा	४२९८८	०	४२९८८	०	०	०	०	४२९८८	०	९७०५	५२६९३	२४५३